महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

देवानगंज गाउँपालिका,
सुनसरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. २५०

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ (प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

च.नं.: २४९ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले देवानगञ्ज गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. १ करोड १८ हजार बेरुजू छ । सोमध्ये असुल गर्नुपर्ने रु. १० लाख ८२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६५ लाख, नियमित गर्नु पर्ने रु. २४ लाख ३६ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ५३.५६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५०७३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

आर्थिक कारोबारको स्थिति
२०७६.०७७

प्राप्ती विवरण		रकम	भुक्तानी विवरण		रकम
गतको नगद तथा मौज्दात		९७३२९१७०.६८	**वजेट खर्च**		३४९४७४२७५.०६
बैङ्क मौज्दात	९००३१५६७.६८		चालु	१७८१६०७४०.४६	
धरौटी	२६५९४०१.०		पुजीगत	१७१३१३५३४.६०	
मर्मत कोष	४६३८२०२.०				
सरकारी अनुदान संघ		२७०९१२५६७.८७	संघीय सरकार प्रदेश सरकार कार्यक्रम खर्च		१५६३९३८८.००
१३३११ समानिकरण अनुदान	११९३०००००.०		सामाजिक सुरक्षा फिर्ता		०.००
१३३१२ शसर्त अनुदान चालु	१३७०५६५६७.८७		सामाजिक सुरक्षा	६०१३५६००.००	६०१३५६००.००
१३३१४ विषेश अनुदान चालु	२५०००००.०				
१३३१६ समपुरक अनुदान चालु	१२०५६०००.०		**कोष खर्च**		१०८१४०२६.००
सरकारी अनुदान प्रदेश		३६२३५९२५.६०	धरौटी	९६४,५२७.००	
१३३११ समानिकरण अनुदान	७,४४७,०००.००		प्रकोप व्यवस्थापन कोष	८०११९१६.०	
१३३१२ शसर्त अनुदान चालु	१३,४६९,०००.००		कर्मचारी कल्याण कोष	०	
१३३१४ विषेश अनुदान चालु	१,०३०,१५१.६०		विविध कोष खाता	३३०५६८.०	
१३३१६ समपुरक अनुदान चालु	४,२४०,७७४.००		मर्मत कोष खाता	१५०७०१५.०	
प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम	४९,०००.००		अन्तिम मौज्दात		१५२२५५१९०.३४
सडक बोर्ड नेपाल	१,०००,०००.००				
संघीय सरकार प्रदेश सरकार कार्यक्रम खर्च	७५७७४९८८.००	७५७७४९८८.००	पुजीगत	०.००	
जनसहभागिता		१८५७८९६.००	सञ्चित कोष	१२४२७४३३९.३९	
धरौटी		६७६०१६०.८८	धरौटी	८४३८०३४.८८	
प्रकोप व्यवस्थापन कोष		२२५०४७८४.६०	प्रकोप व्यवस्थापन कोष	१४४९२८६८.६०	

कर्मचारी कल्याण कोष		०.००	मर्मत कोष	४८४६१९८.४७	
आकस्मिक कोष		०.००	अन्तरीक राजश्व खाता	९७३५०.००	
आन्तरिक राजस्व		५६३१५२३.२५	विविध कोष खाता	१०६३९९.००	
मूल्य अभिबृद्धि कर संघ		५६१८७३४२.०५			
राजस्व वाडफाड प्रदेश		२४८४०००.००			
जिल्ला समन्वय समिति		०.००			
प्रदेश अनुदान		०.००			
रोयल्टी राष्ट्रिय वन		६८३८०.००			
विविध कोष		४३६९६७.००			
मर्मत कोष		६६६८७९२.४७			
मालपोतबाट प्राप्त रजिस्ट्रेशन		५४६५९८१.००			
जम्मा		५८८३१८४७९.४०	जम्मा		५८८३१८४७९.४०

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् •स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । •लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । •स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।यसरी प्रतिवेदन तयार नगर्ने कर्मचारी, कार्यपालिका र सभालाइ सरोकारवाला निकायले जिम्मेवार वनाउनु पर्दछ । त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोबार -** यस पालिकामा यस वर्ष रु.४९०९८९३०९ आय भएकोमा २०७७ असार मसान्त सम्म रु.४३६०६३२८९ खर्च भई रु.५४९२६०२० मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत वर्षान्तमा स्थानीय कोष र अन्य कोष रु. १५२२५५१९० मौज्दात रहेको देखियो ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन । • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन । • वडाहरु र गाउपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद, पाडा सुगुर, गाइ खरीद,कृषि सामान खरिद ,सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालिन खर्च संरचना	

	तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टी डि एस गरेको देखिएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	बजेट तथा कार्यक्रम	
४.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पुनिता देवी यादवले मिति २०७६।३।१० गते रु.४४८००३०७७ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनमा उल्लेख भए बमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गरेको देखिएन ।	

५. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

कुल खर्च	चौमासिक खर्च		
	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक
१७७८००३०३	२१४११६७३	३७२०१०५४	११९१८७५७६
प्रतिशत १००	१२	२०	६८

६. **पुँजीगत खर्च विधि** - कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

सि.नं.	कार्यक्रमको नाम	निर्माण कार्यमा भएको कुल खर्च	कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम	निर्माण व्यवसायीबाट भएको रकम
१	पुर्वाधार विकास	२६२४५२८९२	१०४४०१९०९	१५८०५०९८३
	प्रतिशतमा	१००	४०	६०

कूल खर्च मध्ये उपभोक्ता समितिवाट ४० प्रतिशत खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

७. **खरिद सम्झौता —** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अबधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा देहाय अनुसार तेश्रो चौमासिकमा २२ वटा कामको रु.५०७६५७६७ को ठेक्का सम्झौता गरेको र आषाढमा समेत २२ वटा कामको रु.५०७६५७६७ खर्च गरेको पाइयो । कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ । रु हजारमा

क सं	कार्यक्रमको नाम	खरिद सम्झौता									
		जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिनाको मात्र	
		स ङ्ख्या	रकम	स ङ्ख्या	रकम	स ङ्ख्या	रकम	स ङ्ख्या	रकम	स ङ्ख्या	रकम
१	पुजीगत	६६	१५२२९७	२२	५०७६५	२२	५०७६ ५	२२	५०७६ ५	२२	५०७६५

८. **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

९. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ। तर पालिकाले १४० वटा सानो प्रकृतिका रु.५००००० भन्दा घटीका योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु. २२४९६००० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका मध्यम र ठुला आयोजनाहरु तर्जुमा र छनौट गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१०. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

११. **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धि देहाय अनुसारको काम कारबाही भएको देखिन्छ। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

क्र.सं.	घरनक्शा पासको निवेदन संख्या	अस्थायी अनुमति	कार्यसम्पन्न स□ख्या			कैफियत
			गत विगत वर्ष अनुमति लिएका मध्ये	यो वर्ष अनुमति लिएका मध्ये	जम्मा	
१	१३७	०	२१८	१५८	३७६	

१२. **सेवा प्रवाह —** गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्बन्धि विवरण देहाय अनुसार रहेको छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता□सिफा□रस	५३१	५३१
२	घरबाटो सिफारिस	९५५	९५५
३	नाता प्रमाणित	३५०	३५०
४	जन्म, मृत्यु दर्ता	९५५	९५५
५	अन्य	९९४	९९४

प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन

१३. **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २६ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४. **स्थानीय तथ्याङ्क र अभिलेख -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका

	हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ।तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
	कानून निर्माण र कार्यान्वयन	
१५.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ५ वटा नियमावली, २४ कार्यविधि लगायत ४३ जटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।	
१६.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११५ र यो बर्ष थप भएको ५२ गरी कूल १६६ विवाद दर्ता भएकोमा २३ वटा मात्र फछ्र्यौट भई १४३ बाँकी देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको पाइएन।	
	कर दस्तुर एवं आन्तरिक आय	
१८.	**राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०३ र १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो।असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ।आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।	
१९.	**विज्ञापन कर —** प्रदेश नं १ को आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लगाई कुनै रकम असुल गरेको छैन । तसर्थ पालिकाले यस सम्बन्धि नीति निर्धारण गरी रकम असुल गर्नुपर्दछ।	
	समानीकरण चालु	
२०.	**महोत्सव तथा अन्य खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन।तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. **१७५९५००** खर्च गरेको पाइयो ।	

विवरण	रकम
धार्मिक सहायता	१५२५०००
आर्थिक सहायता	१५२५००

	पर्व ८२००० **जम्मा** **१७५९५००**	
२१.	**पदाधिकारी इन्धन -** कार्यपालिकाको २०७५।६।२१ को निर्णय अनुसार वडाध्यक्ष ६लाइ रु.५७६०००, का पा सदस्य ४ लाइ २४०००० र वडा सदस्य २७ लाइ रु १६२०००० समेत रु.२४३६००० खर्च लेखेको छ। गाउँ तथा नगर सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ३ मा गाउँपालिकको अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यलाइ इन्धन सुविधा दिने प्रावधान नभएकोमा सभा र कार्यपालिकाको निर्णय अनुसार थप सुविधा प्रदान गरेको अनियमित देखिएको रु.	२४३६०००

सि नं	पदाधिकारीको नाम	भुक्तानी रकम
१	वडाध्यक्ष ६	५७६०००
२	का पा सदस्य ४ जना	२४००००
३	वड सदस्य २७	१६२००००
	जम्मा	**२४३६०००**

२२.	अनुपस्थित पदाधिकारी वैठक भत्ता - गाउँ तथा पालिकासभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार पदाधिकारीलाई गाउँपालिका सभा वैठक प्रति वैठक रु.१००० का दरले वैठक भत्ता व्यवस्था गरेको छ। कार्यालयले वैठकमा अनुपस्थित सदस्यलाई वैठक भत्ता भुक्तानी गरेकोले वढी भुक्तानी रकम रु.२८०५० असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.	२८०५०

भौ नं मिति	पदाधिकारीको नाम	वढी भुक्तानी रकम
१८२।०७७।७।२७ समानिकरण चालु	अशोक यादव	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	पुनित देवी यादव	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	सुर्यनारायण पाल	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	चन्देश्वर प्र मेहता	२५५०
१८२।०७७।७।२७ समानिकरण चालु	वद्री प्रसाद यादव	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	नरेश शर्मा	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	महानन्द पाल	८५०
१८२।०७७।७।२७ समानिकरण चालु	मजलुम मिया	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	पुनिता देवी यादव	१७००
५७०।०७७।२।१४ समानिकरण चालु	सानी देवी यादव	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	मजलुम मिया	३४००
५७०।०७७।२।१४ समानिकरण चालु	रेखादेवी सरदार	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	सुर्यनारायण पाल	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	बद्रि प्रसाद यादव	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	चन्द्र कला देवी दास	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	अनिल कुमार भगत	८५०
५७०।०७७।२।१४ समानिकरण चालु	राज कुमारी साह	१७००
५७०।०७७।२।१४ समानिकरण चालु	नरेश शर्मा	१७००
७१८।०७७।३।२२ समानिकरण चालु	अशोक यादव	८५०
७१८।०७७।३।२२ समानिकरण चालु	देव नारायण मेहता	२५५०
७१८।०७७।३।२२ समानिकरण चालु	सुर्य नारायण पाल	२५५०
जम्मा		**२८०५०**

२३.	**कर रकम-** कार्यालयले भौचर नं ८०४ वाट काटेको कर रकम रु.१०३५०० संघिय संचित कोष दाखिला गर्नुपर्नेमा स्थानीय सञ्चित कोष दाखिला गरेकोले संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.	१०३५००

२४.	**भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीहरु गर्दा अग्रिम आयकर वापतको रकम कट्टा नगरी भुक्तानी गरेको हुदा निम्नानुसारको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने हुनुपर्ने रु.	८५८५

भौ नं मिति	भुक्तानी पाउने	भुक्तानी रकम	नपुग /कर रकम
६।०७७।११।१९	कुशवाहा खाद्य विज भण्डार	५७२३००	८५८५
जम्मा			८५८५

२५.	**भ्रमण भत्ता —** गाँउ तथा नगरपालिका सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयंले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यबस्था रहेकोछ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणवाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ ।यस बर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो । पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्वीकृती गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन ।कानूनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ ।	
	न्यायिक समिति चालुतर्फ	
२६.	**कर कट्टी दाखिला -** गो.भौ.नं. २/२०७७।३।२६, आयकर ऐन २०५८ को दफा ९०(२) मा अग्रिम करकट्टी गर्ने व्यक्तिले कट्टी गरिएको कर वा कट्टी गरेको मानिएको रकम प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र आन्तरीक राजश्व विभागमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले न्यायिक समितिको बैठक भत्ता बापत भुक्तानीमा कट्टी गरेको कर रकम दाखिला नगरेकोले सो रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने हुनुपर्ने रु.	१४५२०
	गाउँपालिका पशु चालुतर्फ	
२७.	**कार्यसम्पादन जमानत जफत —** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६५(१) बमोजिम कुनै काम गर्न धरौटी वा जमानत राख्नु पर्ने भई राखिएको धरौटी वा जमानत त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम जफत गर्नुपर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि. एण्ड वि. भेट्स भर्मा विराटगाउँपालिका-७ संग मिति २०७७।३।४ गतेका दिन F.M.D भ्याक्सिन १५००० डोज सहित अन्य सामान पालिकालाई उपलब्ध गराउने गरी सम्झौता भएकोमा उक्त आपुर्तिकर्ताले F.M.D भ्याक्सिन ७००० थान मात्र उपलब्ध गराई सम्झौता बमोजिम काम पुरा नगरेकोले सो कार्यका लागि राखेको कार्यसम्पादन जमानत रकम जफत गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	३२४६५
	संघीय शसर्त	
२८.	**घटी कर कट्टा —** आयकर ऐन २०५८ को दफा ८७ अनुसार रोजगारीको आय गणना गरी अनुसूचीमा तोकिए बमोजिम करको गणना गरी कर कट्टा गरी सके पश्चात पारिश्रमिक भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर देहायका कर्मचारीहरुलाई आर्थिक वर्ष २०७६।७७ मा पारिश्रमिक भुक्तानी गर्दा १ प्रतिशत मात्र कर कट्टी गरी पारिश्रमिक भुक्तानी गरेको देखिएकोले नपुग कर १० प्रतिशत रकम निजहरुवाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	५४००२

कर्मचारी	करयोग्य आय	कर दायित्व	कर कट्टा	कर बाँकी
जिवछ कुमार पंजियार, छैटौं तह	५४५०८६	९५०८	५४५०	८५५८
सुनिल कुमार भगत, छैटौं तह	५१०१६४	१०५१६	५१०१	५४१५
हुकुमलाल मेहता, छैटौं तह	५२२८८४	११७८८	५२२८	६५६०
कृत्यनन्द यादव, छैटौं तह	५२२८८४	११७८८	५२२८	६५६०
राजेन्द्र प्रसाद मेहता, छैटौं तह	५२२८८४	११७८८	५२२८	६५६०
राजकुमार मेहता, छैटौं तह	४९६००४	९१००	४९६०	४१४०
रैफुन खातुन, पाँचौ तह	५२५९४५	१०८८६	५२५९	५६२७
उमेश प्रसाद मेहता, छैटौं तह छुट प्राविधिक ग्रेड भुक्तानी	-	६६९५	५५८	६१३७
हरि प्रसाद गड्तौला, पाँचौ तह छुट प्राविधिक ग्रेड भुक्तानी	-	४८४७	४०२	४४४५
जम्मा				५४००२

२९. **खर्च भन्दा बढी रकम भुक्तानी —** ९९।२०७७।३।२३ संघ सशर्त आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।साथै कुल खर्च भएको रकम मात्र भुक्तानी दिनुपर्ने हुन्छ।तर पालिकाले आमा सुरक्षा कार्यक्रमको प्रति केशको आधारमा प्रदान गरिने प्रोत्साहन भत्ता बढी भुक्तानी अ हे व राजेन्द्र प्रसाद मेहतालाइ रु. ५२०० बढी भुक्तानी भएको देखियो सो रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने **रु.** ५२००

जिन्सी खातामा आम्दानी नबाँधेको

३०. **जिन्सी खातामा आम्दानी नबाँधेको —** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ बमोजिम कार्यालयमा प्राप्त भएको जुनसुकै मालसामान ७ दिन भित्र आम्दानी बाधँनु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार खरिद गरिएका रु.२५००००० का मालसामानहरु जिन्सी आम्दानी बाँधेको नदेखिएको रु. २५०००००

विवरण	**रकम**
श्री जनता आ वि पुस्तकालय सामग्री खरिद संघीय शसर्त	६५००००
श्री कृष्ण मा वि पुस्तकालय सामग्री खरिद संघीय शसर्त	६५००००
श्री कृष्ण मा वि सुचना प्रविधि सामग्री खरिद प्रदेश शसर्त चालु	६०००००
श्री अमर सिंह मा वि सुचना प्रविधि सामग्री खरिद प्रदेश शसर्त चालु	६०००००
जम्मा	२५०००००

३१. **सामुदायिक सिकाई केन्द्रलाई अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ अनुसार सामुदायिक सिकाई केन्द्रलाई अनुदान निकासा दिदाँ व्यवस्थापन समितिको सिफारिस तथा प्रमाणित हाजिरी र स्थानीय निकायको अनुगमन प्रतिवेदन अनुसार सामुदायिक परिचालिकाको तलब निकासा दिने, र थप रकम प्रस्तावको आधारमा दिने व्यवस्था छ।पालिकाले देहायका सामुदायिक सिकाई केन्द्रहरुलाई निम्नानुसार एकमुष्ठ रकम निकासा गरेकोमा खर्चको विल भर्पाई पेश नभएकोमा प्रस्ताव अनुसार खर्च भए नभएको भनी यकिन गर्न सकिएन । अतः गत वर्षको लेखापरीक्षण प्रतिवेदन, व्यवस्थापन समितिको सिफारित तथा हाजिरी र प्रस्ताव पेश हुनुपर्ने रु. ६०००००

भौ. नं.मिति	**विवरण**	**रकम**
७७।२०७७।३।२१ सशर्त संघ	लालीगुराँस सामुदायिक सिकाई केन्द्र गत वर्षको लेखापरीक्षण प्रतिवेदन, व्यवस्थापन समितिको	२०००००

	सिफारित तथा हाजिरी र प्रस्ताव नभएको	
७७।२०७७।३।२१ सशर्त संघ	पशुपति सामुदायिक सिकाई केन्द्र गत वर्षको लेखापरीक्षण प्रतिवेदन, व्यवस्थापन समितिको सिफारित तथा हाजिरी र प्रस्ताव नभएको	२०००००
७७।२०७७।३।२१ सशर्त संघ	मध्यहर्षाही सामुदायिक सिकाई केन्द्र गत वर्षको लेखापरीक्षण प्रतिवेदन, व्यवस्थापन समितिको सिफारित तथा हाजिरी र प्रस्ताव नभएको	२०००००
जम्मा		६०००००

गाउपालिका पुँजीगत

३२. **वहाल कर -** आर्थिक संकेतमा उल्लेख भए अनुसार स्थानीय निकायवाट असुल गरेको घर बहाल कर बाहेक अन्य सबै प्रकारको कर संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाले देहाय अनुसार बहाल कर रु.४२२३६० कट्टा गरी पालिकाको खातामा राखेको छ। उक्त रकम संघीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेमा लेखापरीक्षण अवधि सम्म पनि जम्मा गरेको देखिदैन। अतः बहाल करको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ४२२३६०

गो भौ नं मिति	**वजेट शीर्षक**	**रकम**
४।२०७७।३।२८	प्रदेश सरकार हस्तान्तरीत पुजीगत	७८७९०
८।२०७७।३।२९	प्रदेश सरकार हस्तान्तरीत पुजीगत	७०००
११।२०७७।३।३१	प्रदेश सरकार हस्तान्तरीत पुजीगत	१६६२०
१२।२०७७।३।३१	प्रदेश सरकार हस्तान्तरीत पुजीगत	१०१००
८८।२०७७।३।२५	गाउपालिका पुजीगत	८३७०२
११४।२०७७।३।३०	गाउपालिका पुजीगत	९९११३
१३०।२०७७।३।३१	गाउपालिका पुजीगत	९१००
१४३।२०७७।३।३१	गाउपालिका पुजीगत	१४४००
१८७।२०७७।३।३१	गाउपालिका पुजीगत	१०३५३५
जम्मा		**४२२३६०**

३३. **औषधी खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले २०लाख भन्दा माथिको जुनसुकै खरिद कार्य खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष विभिन्न औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन।

३३.१. खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात यकिन नगरेको,

३३.२. आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

३३.३. आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

३३.४. औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी

	व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
३३.५.	औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएन ।	
	तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षा कार्यक्रम	
३४.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस बर्ष पालिकाले रु.६०३७२२०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।	
३४.१.	**वितरण व्यवस्था** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज ९, दोश्रो चैत ४ र तेश्रो असार १४ गते निकाशा गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ।	
३४.२.	**पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन।	
३४.३.	**निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।	
३४.४.	**सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन। कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।	
३४.५.	सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७५ को बुदा नं ३५मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने व्यहोरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ।वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन।तसर्थ कार्यविधिको पालना गर्नुपर्दछ।	
३४.६.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं.र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फत कारोबार नै गरेको पाइएन।	
३४.७.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान	

	दिनुपर्ने देखिन्छ ।	
३५.	**पेश्की बाँकी र पेश्कीको अभिलेख तथा अनुगमन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपदफा (१) र (२) मा सम्झौता अनुसार दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न कार्यको सिलसिलामा यस वर्ष निम्न निर्माण व्यवसायीलाई पेश्की प्रदान गरेकोमा नियमावलीको व्यवस्था अनुसारको विवरण प्राप्त गरेको तथा अनुगमन गर्ने गरेको पाइएन। अतः मोबिलाइजेशन पेश्की रकम रु.५२५६००० सम्बन्धित कार्यमा खर्च भए नभएको सम्बन्धमा अनुगमन तथा विश्लेषण गर्दै पेश्की फछ्र्योट गर्नुपर्ने देखिन्छ। **कार्यक्रमको नाम** / **पेश्की लिनेको नाम** / **रकम** गाउपालिका भवन निर्माण / विना अभिसा जे.भी. / ४३५६००० गाउपालिका कार्यालय ढल निर्माण / भगवती कन्सट्रक्सन / ९००००० जम्मा / / ५२५६०००	
३६.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०३ जनालाई रोजगारी उपलव्ध गराई रु. ३३४६६३७ खर्च गरेको छ। लक्षित वर्गलाई ३१०२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्च सम्बन्धित रोजगार व्यक्तिको बैंक खातामा जम्मा गर्नु पर्नेमा नगदै बाडेको देखिन्छ। यस कार्यक्रमवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३७.	**बढी भुक्तानी —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउने उद्देश्यले सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत पालिकाले माटो खन्ने पुर्ने कार्यका लागि श्रमिकको जिल्ला दर रेट ज्याला रु. ५७५ अनुसार लागत अनुमान तथा दर रेट विष्लेषण तयार गरी सोही अनुसार भुक्तानी दिनु पर्नेमा रु. ६५० ले भुक्तानी दिएकोले ३१०२ रोजगार दिनको रु.७५ का दरले रु. २३२६५० रकम बराबर असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	२३२६५०
३८.	**कोरोना कोष तर्फ** – कोभीड १९ को व्यवस्थापन गर्न रु २२५०४७८४ आम्दानी गरेकोमा विभिन्न कार्यमा रु.८०११९१६ खर्च भई रु.१४४९२८६८ मौज्दात रहेको पाइयो । कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को पालना गरी खर्च गर्नेतर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान जानु आवश्यक देखियो ।	
३९.	**गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।	
४०.	**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम -** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार १ परियोजना सञ्चालन गर्न रु.१४९१०००० बजेट प्राप्त भएकोमा रु.१४४९९५९ खर्च भई १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखियो ।	

४१.	**विद्युतीकरण -** पालिकाका सातै वडामा २७५ पोल सहितको सिंचाइका लागि विद्युतीकरण गर्न लागत अनुमान रु १२८७४४५० (मूल्य अभिवृद्धि कर बाहेक) भएको काम निर्माण व्यवसायी बि एण्ड बि कन्ष्ट्रक्शन देवानगञ्जसँग रु १००४९१७५ (मूल्य अभिवृद्धि कर बाहेक) मा २०७७।३।३० सम्म सम्पन्नगर्न २०७७।१२।९मा सम्झौता गरेको छ। उक्त सम्झौतावाट बचत रहेको रकमले सातवटै वडामा थप ११९ पोल सहितको सिंचाइका लागि विद्युतीकरण गर्न लागत अनुमान रु.२७९९६२१(मूल्य अभिवृद्धि कर बाहेक) को काम निर्माण व्यवसायी सन्दर्भ कन्ष्ट्रक्शनले गाउँपालिकासँग रु.२७९३७५३ (मूल्य अभिवृद्धि कर बाहेक) मा २०७७।३।२५मा सम्पन्न गर्ने गरी २०७७।३।१४ मा सम्झौता गरेको छ । दुवै निर्माण व्यवसायीले प्रथम विल पेश गरी रु.१४४९९५९ भुक्तानी भएको छ । तर लेखापरीक्षण अवधिसम्म कार्य सम्पन्न भएको पाइएन ।	
	ब उ शि नं. ८०११४५०३५०१संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम पुंजीगत	
४२.	**कन्टिन्जेन्सी -** पालिकाले यस वर्ष देहायका विद्यालयको भवन निर्माण गर्ने कामको लागि विनियोजन भएको रकमवाट कन्टन्जेन्सी वापत रु ४९३१३ कट्टा गरी आफ्नो खातामा राखेको छ । भवन निर्माण गर्न विद्यालयको खातामा निकासा गर्नुपर्ने रकमवाट कन्टन्जेन्सी कट्टा गरी आफ्नो खातामा राखेकोले सो रकम संघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु.	४९३१३
४३.	**कार्यसम्पन्न प्रतिवेदन —** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६ को खण्ड २ को कृयाकलाप नं ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान शिर्षकको ८.२ को ञ मा स्थानीय तहले विद्यालयमा भए गरेका निर्माण कार्यको निर्माणसग सम्बन्धित कागजातहरु दुई दुई प्रति तयार गर्न लगाइ सम्बन्धित साइट ईन्जार्ज विद्यालयका प्रधानाद्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतवाट दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लाउनुपर्ने व्यवस्था छ।तर देहायका निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु.	३४०००००
४४.	**बहाल कर -** आर्थिक संकेतमा उल्लेख भए अनुसार स्थानीय निकायवाट अशुल गरेको घर बहाल कर बाहेक अन्य सबै प्रकारको कर संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम पुँजीगत) शिर्षक अन्तर्गत सम्पन्न विभिन्न निर्माण कार्यको विलवाट बहाल कर रु.१३११८० कट्टा गरी पालिकाको खातामा राखेकोले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	१३११८०

Table for ४१:

भौ नां मिति	ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	प्रथम विल	म्याद थप समेत सम्पन्न गर्नु पर्ने
३।२०७७।३।२८	२।०७६।७७	सन्दर्भ कन्ट्रक्शन	२७९३७५३	७३९१८९	२०७७।११।२५
६।२०७७।३।२९	१।०७६।७७	बि एण्ड बि कन्ट्रक्शन	१००४९१७५	७१०७७०	२०७७।११।२५
		जम्मा		१४४९९५९	

Table for ४३:

भौ नं मिति	विद्यालयको नाम	रकम	प्रयोजन
१७।२०७७।३।३१	कृष्ण मा वि वडा नं ३	१९०००००	४ कोठे भवन निर्माण
१८।२०७७।३।३१	शारदा आ वि वडा नं १	१५०००००	२ कोठे भवन
	जम्मा	३४०००००	

Table for ४४:

भौ नं मिति	काम	रकम
३।२०७७।२।२२	कृष्ण मा वि को भवन निर्माण	१२२५०
५।२०७७।३।२४	कृष्ण मा वि को भवन निर्माण	१३०००

९।२०७७।३।२९	अमर सिंह मा वि को भवन निर्माण	१०५९३०
	जम्मा	१३११८०

४५. **बेरुजू संपरीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । गाउँपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु.१४०९३९५५ पेश गरेकोमा रु.१४०९३९५५ सम्परीक्षण गरी जानकारी दिईएको छ ।

आ व	**दफा नं**	**विवरण**	**संपरीक्षण रु**
२०७५।०७६	३६	सरीता निर्माण सेवाको पेश्की फर्छ्यौट	५१००००
२०७५।०७६	३६	शाह आर के जे. भी.	१०१८६९५५
२०७५।०७६	३६	साह।पण्डित जे.भी.	३३९७०००
		जम्मा	१४०९३९५५

४६. **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन , बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर विजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन।बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ

४७. **सञ्चित कोष र बेरुजुको अद्यावधिक स्थिति** - पालिकाको सञ्चित कोषको स्थिति, बेरुजु वर्गीकरण र बेरुजुको अद्यावधिक स्थिति क्रमश अनुसुची १, २ र ३ मा रहेको छ ।

देवानगञ्ज गाउँपालिका, सुनसरी को सञ्चित कोष विवरण

अनुसुची १

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
देवानगञ्ज गा पा	सुनसरी	९२७०५२	१००१८	१.०८	९७३२९	३०७१४७	६४१३६	५६३१	११४०७५	४९०९८९	१७८१६०	१७१३१३	८६५९०	४३६०६३	१५२२५५

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
देवानगञ्ज गा पा	सुनसरी	३०	१६	१३५१८	०	१	३५००	३०	१५	१००१८	१०८२	२४३६	६५००	०	०	८९३६	०	०	०

अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	सं.प.बाट कायम बेरुजु रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
देवानगञ्ज गा पा	सुनसरी	३०८८६	०	१४०९४	१४०९४	०	०	०	१६७९२	१००१८	२६८१०	१७६७५